नेपालको पहिलो बैंक

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय
सामान्य सेवा विभाग

**सिलबन्दी बोलपत्र आह्वानको सूचना नं. NBL/NCB10/G078/79**

(प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०९/२६)

१. होर्डिङ्गबोर्ड सम्बन्धी व्यवसाय गर्ने सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरुबाट देशका विभिन्न २३ स्थानहरुमा एक बर्ष अवधिको लागि होर्डिङ्गबोर्डमा विज्ञापन गर्न नेपाल बैंक लिमिटेड बोलपत्र आह्वान गर्दछ ।

२. बोलपत्रसम्बन्धी कुनै कुरा बुझ्नु परेमा वा बोलपत्रसम्बन्धी कागजात हेर्नु परेमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ । साथै बैंकको वेवसाईट www.nepalbank.com.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.ppmo.gov.np मा पनि हेर्न सकिनेछ ।

३. बोलपत्र सम्बन्धी कागजात e-GP System (www.bolpatra.gov.np/egp) बाट डाउनलोड गर्न सकिनेछ । बोलपत्र कागजात खरिद रकम बापत रु. ३,०००।- (अक्षरपी तीन हजार मात्र, पछि फिर्ता नहुने) निम्न बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

बैंक : **नेपाल बैंक लिमिटेड** शाखा : **काठमाडौं बैंकिङ्ग अफिस**

खाताको नाम : **बोलपत्र फाराम दस्तूर** खाता नं. : **००२००१०६७११२८३००००१**

४. इच्छुक बोलपत्रदाताहरुले ई-बिडिङ्गमार्फत होर्डिङ्गबोर्डमा बैंकको लागि आवश्यक विज्ञापन गर्न e-GP System (www.bolpatra.gov.np/egp) मार्फत मिति २०७८/१०/२६ गते १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न सक्नेछन् ।

५. दाखिला भएका बोलपत्रहरु मिति २०७८/१०/२६ गते १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस विभागमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निर्धारित मितिमा कुनै कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

७. बोलपत्र दाखिलासम्बन्धी अन्य जानकारी बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।